श्री शान्ती सामुदायिक वन उपभोक्ता समूह
सैनामैना ११, रुपन्देही

पत्र संख्या : ०८२/०८३

च.नं. :

मिति : २०८३/०२/०६ गते

## काठ लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना !

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१, २०८१/०८२ मा उत्पादन भएको काठदाउरामध्ये समूह भित्रका उपभोक्तहरुमा बिक्री वितरण भई घाटगद्दीमा बाँकी रहेको काठ तथा विभिन्न मितिमा बराम्द भएको काठ समेत गरी लट नं. १ देखि ४ बमोजिमको **विभिन्न जातको गोलिया थान** ४९० को ३२२६.१४ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने इजाजत प्राप्त मु.अ. करमा दर्ता भएका, कर चुक्ता गरेका र सुचिकृत भएका व्यवसायीले यो सूचना **राष्ट्रिय दैनिक, गोरखापत्र (बर्ष १२६, अंक १४)** पत्रिकामा **प्रथम पटक** प्रकाशित भएको मितिले **२१** दिन भित्र **समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट** बोलपत्र खरिद गरी **२२** औं दिन **कार्यालय समय भित्र** खरिद गरेको निकायमा शिलवन्दी वोलपत्र दाखिला गर्न अव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत जानकारी तथा सूचनाको लागी समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**१. पैदावारको विवरण:**

**तपसिल**

| क.सं. | लट नं. | धाड | जात | ग्रेड | थान | परिमाण | प्रति क्यू.फि. न्युनतम | | सकार | | | धरौटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | दर | जम्मा | अक्षरमा | |
| १ | १-२०८२/०८३ | १ | साल | A | 7 | 107.67 | 1250 | 134585.50 | | | | |
| | | | साल | B | 43 | 420.66 | 900 | 378593.70 | | | | |
| | | | साल | C | 81 | 261.33 | 600 | 156797.75 | | | | |
| | | | साल | D | 7 | 11.60 | 300 | 3480.61 | | | | |
| | | | **जम्मा** | | **138** | **801.26** | | **673457.56** | | | | |
| २ | २-२०८२/०८३ | २ | साल | A | 9 | 145.71 | 1250 | 182142.30 | | | | |
| | | | साल | B | 25 | 215.26 | 900 | 193737.97 | | | | |
| | | | साल | C | 86 | 305.28 | 600 | 183168.62 | | | | |
| | | | साल | D | 12 | 19.99 | 300 | 5997.27 | | | | |
| | | | **जम्मा** | | **132** | **686.25** | | **565046.17** | | | | |
| ३ | ३-२०८२/०८३ | ३ | साल | A | 3 | 35.24 | 1250 | 44054.48 | | | | |
| | | | साल | B | 36 | 306.05 | 900 | 275449.37 | | | | |
| | | | साल | C | 109 | 429.12 | 600 | 257471.20 | | | | |
| | | | साल | D | 8 | 19.13 | 300 | 5740.20 | | | | |
| | | | **जम्मा** | | **156** | **789.55** | | **582715.25** | | | | |

अध्यक्ष
श्री शान्ति सा.व.उ.स.
सैनामैना-११, रुपन्देही



CamScanner

# श्री शान्ती सामुदायिक वन उपभोक्ता समूह
## सैनामैना ११, रुपन्देही

पत्र संख्या : ०८२/०८३

| क्र.सं. | लट नं. | घाड | जात | ग्रेड | थान | परिमाण | प्रति क्यू.फि. न्युनतम | | सकार | | | धरौटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | दर | जम्मा | अक्षरमा | |
| ४ | ४-२०८२/०८३ | ४ | बाँझी | N | 3 | 27.92 | 100 | 2791.58 | | | | |
| | | | असना | A | 22 | 587.32 | 400 | 234929.18 | | | | |
| | | | असना | B | 14 | 197.83 | 300 | 59347.89 | | | | |
| | | | असना | C | 21 | 77.17 | 100 | 7716.63 | | | | |
| | | | जामुन | B | 1 | 6.10 | 300 | 1828.78 | | | | |
| | | | कुसुम | N | 3 | 52.75 | 100 | 5275.45 | | | | |
| | | | जम्मा | | 64 | 949.08 | | 311889.50 | | | | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-
   (क) **खरिद गर्ने अन्तिम मिति** : २०८३/०२/२६ गते कार्यालय समय सम्म ।
   (ख) **दाखिला गर्ने अन्तिम मिति** : २०८३/०२/२७ गते कार्यालय समय सम्म ।

३. बोलपत्र फाराम रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस **समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट** खरिद गरी सोही कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समुहको नाममा रहेको **साईन रेसुङ्ग डेभलपमेन्ट लि.सालझण्डी रहेको वचत खाता नं.०७२००१००३७८८९००००००१** मा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट कम्तीमा ६ महिनाको समावेश गर्नु पर्ने छ ।

५. लिलाम विक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गै हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रमाणित प्रतिलिपि बोलपत्र खरिद गर्नको लागि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

७. रित पूर्वक पर्न आएका **बोलपत्रहरु मिति २०८३/०२/२८ गते दिउसोको २:०० बजे** कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा यस समूहको कार्यालय, **सैनामैना ११**, रुपन्देहीमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्याल्यको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १० दिनभित्र सकार गरेको रकम र **संकलन खर्च एवं कानुन बमोजिम लाग्ने कर** समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा वोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

अध्यक्ष
श्री शान्ति सा.व.उ.स.
सैनामैना-११, रुपन्देही

# श्री शान्ती सामुदायिक वन उपभोक्ता समूह
## सैनामैना ११, रुपन्देही

पत्र संख्या : ०८२/०८३

११. बोलपत्र, शिलवन्दी गरी पेश गर्नु पर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री **शान्ती** सामुदायिक वन उपभोक्ता समुहको **काठ** लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस सामुदायिक वन उपभोक्ता समितिमा निहीत रहने छ ।

१३.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१४.यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१५. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित कानून अनुसार हुने छ ।

अध्यक्ष
श्री शान्ति सा.व.उ.स.
सैनामैना-११, रुपन्देही



CamScanner